## कालीगण्डकी गाउँपालिका,स्याङ्जा

### गाउँ कार्यपालिकाको बैठक नं.-८

### (मिति २०८२ पौष २४)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री खिम बहादुर थापा |
| | उपाध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ नं | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ नं | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ नं | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ नं | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ नं | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ नं | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |
| | प्रशासकिय अधिककृत | गाउँपालिका | टीका कुमारी क्षेत्री |
| | | | सुन्दर भट्टराई |
| | | | |

कालीगण्डकी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
विर्घा स्याङ्जा

मिति २०८२/०९/२४

**गाउँकार्यपालिकाको ९ औं बैठकका प्रस्तावहरु**

प्रस्ताव नं. १ गाउँपालिकाको १८ औ गाउँसभामा विषयगत समितिका प्रतिवेदनहरु पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. २ नयाँ तथा शंशोधित विधेयकहरु गाउँसभामा पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ३ करार कर्मचारीको म्याद थप सम्बन्धी गाउँसभामा पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ४ कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ५ क्रिकेट खेलको "0"लेभल एम्याएर/ स्कोरिङ तालिम सञ्चालन सम्वन्धमा ।

प्रस्ताव नं. ६ खानेपानी पाइप खरिद सम्वन्धमा ।

प्रस्तान नं. ७ आर्थिक सहायता सम्वन्धमा ।

नि.प्र.प्र.अ.

कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बिर्घा स्याङ्जा

मिति २०८२/०९/२४

**गाउँकार्यपालिकाको ९ औं बैठकका निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नम्बर १ मा छलफल गर्दा गाउँपालिकाको १८ औं गाउँसभामा लेखा समिति, न्यायिक समिति, अनुगमन तथा सुपरीवेक्षण समितिका प्रतिवेदनहरु गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नम्बर २ मा छलफल गर्दा विद्यायन समितिवाट पेश भएको आन्तरिक निन्त्रयण प्रणाली निर्देशिका विद्येयक २०८२ र कर्मचारी कल्याण कोष ऐन २०८१ संशोधन गर्ने विद्येयक २०८२ छलफलका एवं स्वीकृतीको लागि १८ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नम्वर ३ मा छलफल गर्दा गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको समायावधी २०८२ माघ १ गतेदेखि २०८३ असार मसान्तसम्म म्याद थपको स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नम्बर ४ मा छलफलग गर्दा सामाजिक विकास समितिबाट पेश भएको तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरी सो बमोजिम कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

१) तीन सन्तान जन्माउने परिवारको पोषण सहायता कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ ।
२) पोषण बैंक कार्यक्रम सञ्चालन कार्यविधि २०८२ ।
३) पात-पतिङ्गर आधारित जैविक मल उत्पादन तथा वितरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८२

निर्णय नं. ५ प्रस्ताव नम्बर ५ मा छलफल गर्दा नेपाल क्रिकेट संघ (CAN), स्याङ्जाले गाउँपालिकाको वडा नं ७ मिर्मी खेलमैदानमा मिति २०८२/०९/१९ देखि २०८२/०९/२२ गतेसम्म सञ्चालन गरेको '0' लेभल अम्पाएर / स्कोर तालिम सञ्चालनलाई अनुदानको लागि जुडो टेकवान्दो ब्याडमिन्टन लगाएतका खेलको तालिम सञ्चालन तथा व्यवस्थापन शीर्षकबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकत

CamScanner

निर्णय नं. ६ प्रस्ताव नम्बर ६ मा छलफल गर्दा प्राकृतिक प्रकोप तथा विविध कारणले क्षति पुग्न गएका खानेपानी आयोजनाहरुलाई माग बमोजिम पाइप उपलब्ध गराउन विपद् व्यवस्थापन शीर्षकबाट रु ७ लाखको पाइप खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ प्रताव नम्बर ७ मा छलफल गर्दा तपसिल बमोजिमका नागरिक तथा संघ संस्थाहरुलाई तपसिल बमोजिमको शीर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | व्यक्तिसंस्थाको नाम, ठेगाना | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | शोभा एस.के<br>कालीगण्डकी गा.पा - ६ | ३५ हजार | विभिन्न आर्थिक सहायता | स्वास्थ्य उपचार |
| २ | भगवती पाण्डे<br>कालीगण्डकी गा.पा.- ४ | ३० हजार | विभिन्न आर्थिक सहायता | स्वास्थ्य उपचार |
| ३ | नेपाल मगर युवा संघ<br>गल्याङ न.पा. ३ | ५० हजार | गैरनाफामूलक सामाजिक संघ संस्था, क्लब आमा समूहहरुको विभिन्न आर्थिक सहायता | खेलकुद कार्यक्रम सञ्चालन |
| ४ | तेस्रो चापाकोट महोत्सव<br>चापाकोट न.पा | १ लाख | गैरनाफामूलक सामाजिक संघ संस्था, क्लब आमा समूहहरुको विभिन्न आर्थिक सहायता | साँस्कृतिक महोत्सव |
| ५ | कारीकोट स्पोर्टस क्लब<br>कालीगण्डकी गा.पा.-१ | ७० हजार | गैरनाफामूलक सामाजिक संघ संस्था, क्लब आमा समूहहरुको विभिन्न आर्थिक सहायता | माघे संक्रान्ति मेला महोसत्व सञ्चालन तथा खेलकुद कार्यक्रम |
| ६ | मौलादेवी सोरठी नाच समूह<br>कालीगण्डकी गा.पा.-३ | ३ लाख | कालीगण्डकी प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापन तथा विविध कार्यक्रम | लोक नृत्य तथा सम्पदा संरक्षण |
| ७ | बलाम बरडाँडा आमा समूह<br>कालीगण्डकी गा.पा.- ५ | २ लाख ५० हजार | आमा समूह/ क्लब/ मठमन्दिर भवन निर्माण | समूहको भवन मर्मत तथा समाग्री खरिद |
| ७ | बडा प्रहरी कार्यालय<br>बालिङ न.पा | १ लाख | सवारी साधन मर्मत खर्च | प्रहरी गस्तीको लागि चारपाङ्ग्रे सवारी मर्मत |

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत